# National News

6th June 2026 19:25 hrs

<u>हक्की</u>

अण्डर-18 एसिया कप फाइनल हक्कीमा, भारतीय पुरुष टोलीले आज जापानको काकामिगहारामा भएको फाइनलमा आयोजक जापानलाई 4-1ले हराउँदै तेस्रो पटक अण्डर-18 एशिया कप जितेको छ।

यसैबीच, भारतीय महिला टोलीले दक्षिण कोरियालाई 3-0 ले हराउँदै कांस्य पदक जित्यो।

<u>राजनाथ - जीडीपी वृद्धि</u>

रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएको छ, धेरै देशहरूले आर्थिक अनिश्चितताको सामना गरिरहेको बेला भारत विश्वको सबैभन्दा द्रुत गतिमा बढ्दो प्रमुख अर्थतन्त्रको रूपमा उभिरहेको छ। आर्थिक वर्ष 2025-26 मा 7 दशमलव सात प्रतिशतको दर्ता गरिएको जीडीपी वृद्धि दरबारे बोल्दै श्री सिंहले भन्नुभयो, यो उपलब्धिले विगत 12 वर्षमा निर्मित भारतीय अर्थतन्त्रको लचिलोपन र आधारभूत शक्तिलाई जोड दिन्छ। सामाजिक सञ्जाल पोस्टमा उहाँले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले आर्थिक वृद्धिलाई स्थिरता, आत्मविश्वास, दिगोपन र विश्वसनीयतासँग जोडेको छ।

<u>शेखावत - सौर्य ऊर्जा क्षमता</u>

केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले विगत बाह्र वर्षमा भारतको सौर ऊर्जा क्षमता 2 दशमलव 8 गिगावाटबाट बढेर 155 गिगावाट पुगेको भन्नुभएकोछ। सामाजिक सञ्जालमा एक पोस्टमा, श्री शेखावतले भन्नुभयो, 40 लाख भन्दा बढी घरहरू सौर ऊर्जाले उज्यालो भएका छन्, र कृषि क्षेत्रमा सौर ऊर्जा क्षमता दोब्बर हुनु पर्यावरण संरक्षणसँगै प्रगतिको प्रमाण हो। मन्त्रीले थप भन्नुभयो, देशका किसानहरू अब खाद्य उत्पादक मात्र न भई ऊर्जा उत्पादक पनि हुन्।

## मेरो भारत युवा सम्मेलन

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मांडवियाले आज भन्नुभयो, भारतका युवाहरू देशको सबैभन्दा ठूलो शक्ति हुन् र 2047 सम्ममा विकसित भारतको दृष्टिकोणलाई साकार पार्न अग्रणी भूमिका खेल्नेछन्। नयाँ दिल्लीमा 'विकसित भारतका लागि युवा MY भारत युवा सम्मेलन' लाई सम्बोधन गर्दै मन्त्रीले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीले युवाहरूलाई राष्ट्र निर्माणको लागि आफ्नो आकांक्षा, विचार र स्वयंसेवा भावना साझा गर्न MY भारतको सिर्जना गर्नुभएको हो।

डा. मांडवियाले भन्नुभयो, देशको जनसंख्याको 65 प्रतिशत आबादी 35 वर्ष मुनिको छ, जसले भारतलाई विश्वको सबैभन्दा युवा राष्ट्रहरू मध्ये एक बनाएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले युवाहरूको ऊर्जा र क्षमतालाई राष्ट्र निर्माण र भारतलाई विकसित राष्ट्रमा रूपान्तरण गर्ने लक्ष्यतर्फ निर्देशित गर्न निरन्तर काम गरिरहेको छ, उहाँले भन्नुभयो ।

## आरबीआई एफपीआई फ्रेमवर्क

भारतीय रिजर्व बैंकले सरकारी धितोपत्रमा विदेशी पोर्टफोलियो लगानीकर्ताहरू, वा FPIहरू द्वारा लगानीलाई नियन्त्रण गर्ने नियमहरूलाई सरल बनाएको छ। संशोधित ढाँचाको उद्देश्य, लगानीलाई सजिलो बनाउन र विदेशी लगानीकर्ताहरूको लागि अनुपालन आवश्यकताहरू कम गर्न हो। नयाँ दिशा-निर्देशहरू तत्काल प्रभावसित लागू भएका छन्।

## मौसम

भारतीय मौसम विज्ञान विभागले भोलिसम्म केरलम र माहेमा मूसलाधार वर्षा हुने सम्बन्धि रेड अलर्ट जारी गरेको छ। आगामी दुई दिनमा पूर्वोत्तर भारत, कर्नाटक, तमिलनाडु, पुदुचेरी र काराईक्कालका केही भागहरूमा पनि भारी वर्षा हुने सम्भावना छ। उप-हिमालयी पश्चिम बंगाल, तेलंगाना, कोंकण, गोवा, मध्य महाराष्ट्र, रायलसीमा, अण्डमान र निकोबार द्वीप समूह र लक्षद्वीपमा पनि आज यस्तै अवस्थाको पूर्वानुमान गरिएको छ।

दिल्ली, हरियाणा, चण्डीगढ, पञ्जाब, उत्तराखण्ड, पूर्वी उत्तर प्रदेश, मध्य प्रदेश, झारखण्ड र जम्मू तथा कश्मीरमा बिजुली र तेज हावा चल्ने अनुमान गरिएको छ भने बिहार, छत्तीसगढ, ओडिशा र राजस्थानमा मेघगर्जनसहितको हावाहुरी चल्ने अनुमान छ।

मौसम विभागले आगामी दुई देखि तीन दिन भित्र महाराष्ट्र, आन्ध्र प्रदेशका केही भागहरू, गोवाका बाँकी भागहरू, तमिलनाडु, दक्षिणपश्चिम बंगालको खाडी र पूर्वोत्तर राज्यहरूका केही भागहरूमा दक्षिणपश्चिम मनसुन अगाडि बढ्नको लागि अनुकूल अवस्था रहेको बताएको छ।

## प्रधानमन्त्री आर्थिक सल्लाहकार परिषद्को बैठक प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्रधानमन्त्री

आर्थिक सल्लाहकार परिषद्का सदस्यहरूसँगको बैठकको अध्यक्षता गर्नुभयो। प्रधानमन्त्री र आर्थिक सल्लाहकार परिषद्ले विश्वव्यापी उथलपुथलको समयमा भारतको आर्थिक वृद्धिलाई अझ बढाउन विभिन्न विचार र उपायहरूबारे छलफल गरे। जीवनयापन र व्यवसाय गर्नमा सुगमता ल्याउन, विभिन्न सुधारहरूबारे पनि छलफल गरियो। सदस्यहरूले पश्चिम एशियाली संघर्षको भारत र विश्वमा परेको प्रभावको आफ्नो मूल्याङ्कन पनि प्रस्तुत गरे।

## सीबीएसई - आवेदनको अंतिम तिथि बढ्यो

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड, CBSE ले अंक प्रमाणीकरण र पुनर्मूल्याङ्कनको लागि आवेदन बुझाउने अन्तिम मिति 7 जूनसम्म बढाएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै बोर्डले भनेको छ, विद्यार्थीहरूले अब आइतबार मध्यरातसम्म आफ्नो आवेदन बुझाउन सक्नेछन।

## पश्चिम बंगाल- वैष्णव रेलवे परियोजना

रेलमन्त्री अश्विनी वैष्णवले पश्चिम बंगालमा लामो समयदेखि रोकिएका रेलवे परियोजनाहरू समाधान गर्नाले राज्यमा रेलवे पूर्वाधार विकासको नयाँ युगको शुरुआत हुने बताउनु भएको छ। कोलकाताको नबन्नामा मुख्यमन्त्री शुभेन्दु अधिकारीसँग संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री वैष्णवले 2026-27 को रेलवे बजेटमा पश्चिम बंगाललाई 14 हजार 205 करोड रुपैयाँ आवंटित गरिएको बताउनु भएको छ। उहाँले भन्नुभयो, राज्यमा दस अमृत भारत स्टेशनहरू पहिले नै पूरा भइसकेका छन् भने, नौ वन्दे भारत एक्सप्रेस रेलहरू र धेरै अमृत

भारत रेलहरू हाल सञ्चालनमा छन्। रेलमन्त्रीले आगामी पाँच वर्षमा कोलकाता मेट्रोको लागि 60 वटा नयाँ रेलगाडीहरु शुरू गर्ने घोषणा गर्नुभयो ।

## प्रधानमन्त्री - PRAGG

प्रधानमन्त्री नरेन्द्र मोदीले आर प्रग्नानंदलाई नर्वे चेस 2026 को उपाधि जितेकोमा बधाई दिनु भएको छ। सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले भन्नुभयो, यो अविश्वसनीय कोशेढुङ्गाले उनको निरन्तर उत्कृष्टतालाई उजागर गर्दछ। प्रधानमन्त्रीले उनको भविष्यको प्रयासको लागि पनि शुभकामना दिनुभयो। ग्रैंडमास्टर आर प्रग्नानंदले ओस्लोमा नर्वे शतरंज खिताब जितेर इतिहास रहेका छन्। अन्तिम चरणमा जर्मनीका विसेन्ट कीमरलाई पराजित गरेर यो खिताब जित्ने उनि पहिलो भारतीय बनेका छन्।

## BCCI टोली - घोषणा

भारतीय क्रिकेट नियन्त्रण बोर्ड (BCCI) ले आज इङ्गल्याण्ड र आयरल्याण्ड भ्रमणका लागि भारतीय टोलीको 16 सदस्यीय T20 अन्तर्राष्ट्रिय टोलीको घोषणा गरेको छ। सूर्यकुमार यादवको स्थानमा श्रेयस अय्यरलाई भारतको नयाँ कप्तान नियुक्त गरिएको छ भने तिलक वर्मालाई उपकप्तानको रूपमा नियुक्त गरिएको छ। वैभव सूर्यवंशीलाई पहिलो पटक टोलीमा समावेश गरिएको छ, जसले IPL 2026मा सर्वाधिक रन बनाएका थिए। प्रिन्स यादवलाई पनि टोलीमा शामेल गरिएको छ।

## प्रधानमन्त्री - फिरोजपुर

प्रधानमन्त्री नरेन्द्र मोदीले पञ्जाबको फिरोजपुर जिल्लामा भएको दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै प्रधानमन्त्रीले आफ्ना प्रियजन गुमाउने परिवारप्रति समवेदना व्यक्त गर्दै दुर्घटनामा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो। प्रधानमन्त्रीले प्रत्येक मृतकका आफन्तलाई दुई-2 लाख रुपैयाँ र घाइतेहरुलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट पचास-50 हजार रुपैयाँ सहयोग गर्ने घोषणा गर्नुभएको छ।

शाह - प्रज्ञानन्द

केन्द्रीय गृहमन्त्री अमित शाहले पनि ग्रान्डमास्टर आर. प्रग्नानंदलाई नर्वे चेस च्याम्पियनसिप 2026 जितेकोमा बधाई दिनुभएको छ दिएका छन् ।

उहाँले भन्नुभयो, युवा चेस स्टारको उपलब्धिले देशभरका युवाहरूलाई प्रेरणा दिइरहनेछ।

PM-U18 हक्की

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय पुरुष अण्डर-18 हक्की टोलीलाई एशिया कप 2026 जितेकोमा बधाई दिनुभएकोछ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले भन्नुभयो, टोलीले प्रतियोगितामा असाधारण सीप र टिमवर्क प्रदर्शन गर्यो, जसको परिणामस्वरूप फाइनलमा अविस्मरणीय जित हात पार्यो।